# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

### २०७८/०३/२७

### आठौं अधिवेशन

### (चौबिसौं वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको चौबिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम शून्य समय निर्धारण गरेको छु । शून्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय गेल्बु सिंह बोहरालाई समय दिन्छु ।

**गेल्बु सिंह बोहरा**

माननीय सभामुख महोदय यही असार २३ गते अविरल बर्षाका कारण दार्चुला जिल्ला नौगाड गाउँपालिका वडा नं.३ गुन्डार भन्ने खोलामा बाढी पहिरो आएर ३ जनाको मृत्यू भएको र १ जना घाइते भएका छन् र सँगसँगै त्यही क्षेत्रमा ३२ किलोवाटको लघुजलविद्युत गृह खानेपानीको ८ वटा योजना, आरसिसिका ३ वटा पुलहरु, बालिनाली र चौपायाको पनि क्षति भएको कुरा म माननीय सभामुखज्यू मार्फत जानकारी गराउन चाहान्छु र त्यस घटनामा मृत्यू हुने मृतक प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र घाइतेको सिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु र सँगै त्यस घटनामा मृत्यू हुने र त्यसबाट घाइते हुनेलाई प्रदेश सरकारबाट उचित मुवाब्जा र सहुलियत केही सामाग्रीहरु प्रदान गरियोस भन्ने म माननीय सभामुख मार्फत हार्दिक अनुरोध गर्न चाहान्छु । सँग सँगै त्यही घटनामा खानेपानी, आरसिसि पुल लगायत प्रदेश गौरवका सडकलाई पनि धेरै क्षति भएको अवस्था छ त्यसलाई पनि यथाशिघ्र संचालन गरियोस भनेर म माननीय सभामुखज्यू मार्फत हार्दिक अनुरोध गर्न चाहान्छु । त्यसको सँग सँगै ब्यास गाउँपालिका वडा नं.१ मा सशस्त्र प्रहरीको विओपि निर्माण भैरहेको छ र त्यो विओपि भवन निर्माणको क्रममा त्यस क्षेत्रको जंगलबाट अवैद्य रुपमा काठ चिरानी गरेर काठ प्रयोग गरिएको भन्ने कुरा सामाजिक सञ्जालहरु र समाचारमा आइरहेको हुनाले सो सम्बन्धमा वास्तविकता के हो त्यसको लागि छानविन गरियोस र त्यो सम्बन्धमा पनि म माननीय सभामुख मार्फत यस प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय समयको लागि हार्दिक धन्यवाद दिन चाहान्छु । यो कोरोनाको कहर सुदूरपश्चिम प्रदेश अत्यन्त जोखिममा छ यो हामी सबैलाई थाहा छ र यस्तो जोखिमयुक्त अवस्थामा पनि प्रदेश सरकारको ध्यान त्यहा पुग्न सकेको अवस्था देखिदैन र अर्को भोकमरीको अवस्था विद्यमान अवस्थामा देखिएको छ । भारतमा दोस्रो कोरोना कहर छ गौरीफन्टा-गड्डाचौकीका नाकामा हेर्ने हो भने यति ठुलो संख्यामा पनि मानिस आइराखेका छन् त्यो तर्फ पनि हाम्रो ध्यान गएको छैन र यो पिसिआरको दायरा बढाउनु पर्छ यो लगभग मलाई लाग्छ पिसिआर त १०-१२ जना यो सेती प्रादेशिक अस्पतालमा देखिने गरेका छन् अहिले पनि प्रकोप बढी राखेको अवस्था छ । हामी आज मात्रै डडेल्धुराबाट आउदाखेरि डडेल्धुरामा पनि त्यो प्रकोप बढेको देखिन्छ । अब अर्को कुरा मलाई के लाग्छ भन्दा यो काठमाडौ पछि ड्रक्सको क्षेत्रमा कैलाली व्यापक छ यसलाई सरकारले समयमा नियन्त्रण गर्न सकेन भने धेरै ठुलो समस्या आउन सक्छ हत्या, हिंसा, बलत्कार ज्यादै बढ्ने अवस्था छ जसले गर्दा हाम्रो एउटा अत्यन्त महत्वपूर्ण शान्ति सुरक्षामा पनि यसले ठुलो नोक्सान पार्ने छ । यस तर्फ पनि हाम्रो ध्यान जान सकेको छैन अब मलाई लाग्छ प्रदेश प्रहरी ऐन पास भइसकेपछी यि कुराहरुलाई प्रभावकारी ढंगले व्यवस्था सरकारले गरोस यो सेती हस्पिटलमा विरामीहरु जादा खेरी त्यहा भर्ना भएका विरामीहरुको उचित प्रबन्ध हुन नसकेका गुनासाहरु आएका छन् अब पहुच नपुगेका विरामीहरुको त्यति रेखदेख नभएको ज्यादै गुनासो बढिराछ मलाई पहिले देखि नै यो सूचना आएको थियो त्यसैले गर्दा खेरी यस तर्फ हाम्रो यो सदन नजिकै सरकारको नजिकै छ त्यो त्यसैले गर्दा खेरी त्यहा भित्र जनशक्तिको पनि कमी छैन, साधनको पनि कमी छैन तर यसलाई त्यहा गैसकेका विरामीहरुको उचित व्यवस्था हुनु पर्यो मैले यो हस्पिटलमा पुगिसकेपछी म मर्दैन मर्ने कुरा नेचुरल कुरा हो तर म विकालमा मर्दैन भन्ने अइसास विरामीलाई हुनु पर्छ । अर्को कुरा अस्थी हामीले कुरा उठाएका थियो बैतडिमा स्वास्थ्यकर्मी जो हत्या भा को छ त्यो पनि आउन सकेन धेरै दिन भैसक्यो त्यसैले यो सरकार किन चुप छ किन यि कुराहरु बाहिर आउदैनन के हो यो ? सरकारका प्रति भरोसा मान्छेको अब कमजोर हुन थालेको छ सभामुख महोदय त्यसैले गर्दा खेरी सरकार अलिकति प्रभावकारी ढंगले देखिनु पर्छ अब जहा सम्म बजार भाउँको कुरा गर्ने हो भने सर्वसाधारण मान्छेलाई आकासिएको छ । धान्न नसक्ने अवस्था छ । बजार अनुगमन छैन, नियमन छैन अब यो डेटस्क्वायर भएका बस्तुहरु विक्रि भा को छ पब्लिकमा यसको धेरै ठुलो असर भैराखेको छ । मनोमानि ढंगको बजारको भाउ आकासिएको छ । गरिब निमुखालाई धान्न नसक्ने अवस्था छ सरकार सुतिराखेको अवस्था छ । नियम कानून पद्धती प्रणाली कही लागु भएको छैन त्यसैले आज जनता निरास छन त्यसैले गर्दा खेरी संघ सरकार, प्रदेश सरकार र स्थानीय सरकारका बीचमा प्रदेश सरकारले समन्वयकारी भूमिका निर्वाह गरेर यि सबै विषयबस्तुलाई कसरी सहजीकरण गर्ने र जनतालाई कसरी सरकार छ भन्ने अनुभूति दिलाउनु पर्छ भन्ने मेरो चाहि माग छ सभामुख मार्फत धन्यवाद ।

**माननीय हर्क बहादुर कुँवर**

माननीय सभामुख महोदय, असार २२ गते अछाम जिल्लाको पञ्चदेवल नगरपालिका वडा नं.४ लगायतका वडाहरुमा मकैबाली बाढीबाट क्षति भएको छ । त्यसका लागि सम्बन्धित निकायले क्षतिपूर्तिको व्यवस्था

र त्यो बालिबाट भएको नोक्सानीका लागि कृषि मार्फत यसलाई क्षतिपूर्ति कसरी दिन सकिन्छ यो अन्ति खानेबेलामा ठुलो क्षति भएको छ यसका लागि म सभामुख मार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहान्छु र टीकापुरको घटना अन्तरजातिय विवाह गर्यो र जंगलमा २१ दिन बसेका ती नावालक बालबालिकाहरु अवोध विवाह गरेर २१ दिन जंगलमा बस्दा अहिले उनिहरुको खोजि नीति भएर समयदायमा आ-आफ्नो घर फर्किएका छन् तर त्यो दलित र त्यो गैर दलित दुवैलाई विभिन्न खालको धम्की आइरहेको छ । उनिहरु नावालिक हुन तर कानूनी कारवाही उनलाई के किसिमले अगाडी बढ्छ त्यो आफ्नो ठाउँमा छ त्यो सरकारले गर्नु पनि पर्छ तर तिनलाई ज्यान मार्ने धम्की अथवा सुरक्षाको व्यवस्था प्रदेश सरकारले लिनु पर्छ र तिनको व्यवस्था गर्नु पर्छ भन्ने म सभामुख मार्फत अनुरोध गर्न चाहान्छु र ध्यानाकर्षण गर्न चाहान्छु । अछाम जिल्ला लगायत यो संघीय सरकारबाट पहिला जो सडकमा भौतिक पूर्वाधार मन्त्रालय अन्तरगत जो काम गर्ने मजदुरहरु हुन जो ति ज्यालादारी हुन तिनिहरुले पहिला संघीय सरकारबाट तलब खाइरहेका थिए त्यस पछि प्रदेश सरकारबाट भौतिक पूर्वाधार मन्त्रालय अन्तरगत ती कर्मचारी मजदुरहरुले एक बर्ष सम्म तलब पाएको थियो र अहिले फेरी १ बर्ष तलब रोकिएको छ ती मजदुरहरु न काम दिन्छ न उनिहरुलाई हाजिरबाट बञ्छित गराउछन त्यो मजदुरहरुलाई काम र पैसा दिलाउनको लागि म सभामुख मार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउछु र जोडदार माग राख्न चाहान्छु । बाजुरा जिल्लाको द्वारी भन्ने ठाउँमा अहिले पनि बाढी दिनहु बाढी बगिरहेको छ त्यहा ठुलो धनजीउको क्षति गत बर्ष पनि भएको थियो यसपालि पनि हुने बढी सम्भावना देखिएको छ । त्यसलाई रोकथाम गर्न अहिले प्रदेश अथवा संघले अथवा स्थानीय पालिकाले एउटा विज्ञ टोली गठन गरेर त्यो गर्नु पर्छ यदी तत्कालका लागि बाजुरा जिल्लाको त्यो द्वारी भन्दा तल दुइ ठाउँमा साइरनको व्यवस्था हुनुपर्छ र अछामको साफेबगर अथवा डोटी जिल्लाको ठुलीगाड भन्दा उतापट्टि साइरनको जब माथि बाढी बगेर आउछ तब यसले साइरनले आवाज दिदा मान्छे त्यो ठाउँ छोडेर अन्त जानको लागि पनि तत्काल प्रदेश सरकारलाइ यि ४ ठाउँमा साइरनको व्यवस्था होस भनेर म सभामुख मार्फत अनुरोध गर्न चाहान्छु । गत बर्ष श्रावण २ गते देखि १५ गते सम्म कंचनपुर, कैलाली जिल्ला बाढीपिडितबाट एकदम क्षति भएको र पहाडि जिल्लामा भाद्र २ गतेबाट बाढीले क्षति भयो जस्तै अछाम, बाजुरा, बझाङ, दार्चुला, डोटी यि विभिन्न ठाउँमा बाढीले क्षति पुर्याएको छ । आंशिक रुपमा अछाम, बाजुरा र बझाङ र दार्चुला जिल्लामा तटबन्धनका लागि पैसा गए पनि बाँकी जिल्लामा अहिले सम्म त्यो क्षतिपूर्तिको व्यवस्था नभएको र ती डुवान क्षत्रमा अहिले सम्म कुनै पनि व्यवस्था नभएको कारणले म सभामुख मार्फत सम्बन्धित निकाय र सरकारलाई ध्यानाकर्षण गराउन चाहान्छु । सभामुख महोदय, कैलाली जिल्ला र कंचनपुर जिल्लामा बन फडानी दिनहु अतिक्रमण जग्गा बन सरकारको जग्गा अतिक्रमण भएका सुन्नमा आएका छन् र छापाहरुमा लेखिएका छन् तत्काल सम्बन्धित निकायले ती कैलाली र कंचनपुरका बन फडानी र यो क्षेत्रका अतिक्रमण जुन सरकारी जग्गाको हिनामिना गर्ने अतिक्रमण गर्ने ज्याजति गर्नेका लागि एउटा उच्चस्तरीय प्रदेशमा समिति बनाएर त्यसलाई अगाडी बढोस भन्ने अनुरोधका साथ सभामुख मार्फत म सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब, **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७८"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

अब म **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय प्रकाश रावल लाई समय दिन्छु ।

**माननीय प्रकाश रावल :-** माननीय सभामुख महोदय, प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हाम्रो प्रदेशका आन्तरिक मामिला मन्त्रीज्यूले टेबुल गर्नु भएको छ र यो विधेयक वास्तवमा हाम्रो प्रदेशको निर्माण हामी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्रदेश र संघको निर्वाचन पश्चात त्यसको मर्म र भावना अनुसार हामीले प्रदेश सरकार नै महत्वपूर्ण ढंगले यसको भावनामा रहेको सरकार हो र जनताले प्रत्याभूति गरेको शान्ति सुरक्षालाई प्रदेश सरकारले अपनत्व लिने कुरा अत्यन्तै हामी पछाडी भैसकेका छौ । यो समय हामीले लगभग १ बर्ष भित्रै प्रदेश प्रहरी ऐन बनाएर कार्यान्वयनमा

गएको भए जाने कुरा अत्यन्त महत्वपूर्ण थियो तथापि सरकारले अहिले यो विधेयक हाम्रो संघीय सरकार र प्रदेश सरकारको संयुक्त साझा सुचीमा परेको कारणले पनि केही ढीलाई भएको हुन सक्छ तथापी यो विधेयक प्रस्तुत टेबुल भएको छ र यसमा अत्यन्तै महत्वपूर्ण ढंगले छलफल गरी यसलाई प्रदेश सरकारको शान्ति सुरक्षा कायम गर्ने दिशामा यो विधेयक खरो ढंगले उत्रिनका लागि सम्बन्धित समितिमा छलफलका लागि जाने नै छ र हामी प्रदेश निर्माण पछि हामीले प्रदेशमा आन्तरिक मामिला मन्त्री जसले यो शान्ति सुरक्षाको जिम्मेवारी बोकेको थियो भने अहिले समन विना सेनाका जर्नेलका रुपमा रहेका छन् र प्रदेशका विभिन्न शान्ति सुरक्षाका कुराहरु हुन प्रदेशमा विभिन्न घटेका जघन्य अपराधका कुराहरु हुन महिला बलत्कारका कुराहरु हुन यि कुराहरुका विषयमा व्यापक ढंगले कुराहरु हामी प्रदेशमा निर्वाचित भैसकेपछि प्रत्यक्ष ढंगले सबै भन्दा नजिकको सरकारको रुपमा प्रदेश सरकार आइसकेपछि जनताले कुरा उठाउने, सुनाउने रुपमा हामी प्रदेशका माननीय नै जिम्मेवार हुन भन्ने जनताले महसुस गरेका थिए तर त्यो कुरालाई हामीले सम्बोधन गर्न सकेनौ हामी पछाडि पर्यौं यो कारणले पनि अहिले प्रदेशको आवश्यकता माथि केही मान्छेहरुका टिकाटिप्पणी उठ्ने गर्छन । र हामीले मत्वपूर्ण विधेयकहरु पास गरेका छौ तथापी ती विधेयकहरु केही कार्यान्वयन भएका छन् भने केही अहिले पनि त्यतिकै थाती राखिएका छन् म सरकारसँग अनुरोध गर्न चाहान्छु ती विधेयक सुशासन देखि लिएर अनेकौ कार्यान्वयनका पक्षमा छन् र यि पास गरेका विधेयकहरुलाइ तदारुकताका साथ कार्यान्वयनको पक्षमा जावस र जनताले अपनत्व हुने गरी हामीले जनतालाई सुशासन दिने कुराहरुको बीचमा हामी जान सक्यौ भने अवस्य पनि जनता प्रदेश प्रति अत्यन्तै आशावादी छन् त्यो कुरा भनेको प्रहरी विधेयकले पनि हामीलाई एउटा जनता प्रति उत्तरदियत्व बनाउने मैले यहा महसुस गरेको छु । माननीय सभामुख महोदय यसलाई एउटा अत्यन्त गहनतन छलफल गरेर हामी विज्ञहरुसँग बसेर प्रहरीहरुका बीचमा होस वा सरकारले अपनत्व लिने गरी वा जिम्मेवार ढंगले गहन गर्ने गरी सबै कुराहरुको विषयमा बुदागत छलफल भोली हुने नै छन् तथापी यसको विज्ञहरुको बीचमा बसेर अत्यन्तै महत्वपूर्ण ढंगले गहनतम छलफल गरेर आवस भन्ने आशा पनि लिएको छु र अन्तमा कंचनपुर जिल्लाको भिमदत्त नगरपालिका वडा नं.९ को मटेना भन्ने ठाउँमा आज मात्रै परेको अविरल बर्षाका कारणले विभिन्न ठाउँमा डुवान, कटान भएको छ त्यसैको बीमा चट्याङ परेर ५५ बर्षिय वीर बहादुर महराज्यूको देवसान भएको छ । सँगै बसिरहेका उनका छोरा लाल बहादुर महरा घाईते हुनु भएको छ । घाईते प्रति शिघ्र स्वास्थ्य लाभको शुभकामना व्यक्त गर्न चाहान्छु र मृतक बुवा प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र घाईतेको उपचारका लागि हुन सक्ने सहयोग यस प्रदेश सरकारबाट शिघ्र होस भन्ने पनि भनाई राख्न चाहान्छु र विदा हुन्छु धन्यवाद नमस्कार ।

**माननीय महेश दत्त जोशी** :- माननीय सभामुख महोदय प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७८ यो गरिमामय सदनमा आएको छ । यो महत्वपूर्ण विधेयकका लागि प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, माननीय मन्त्रीज्यूलाई हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु । यो महत्वपूर्ण विधेयक मध्य पनि महत्वपूर्ण किन पनि छ भने शासन व्यवस्था कति पय व्याख्याकारहरुले बन्दुक विनाको शासन व्यवस्था हुदैन पनि भन्छन त्यसैले प्रहरी नै एउटा प्रदेशको हतियार सहितको सुरक्षाकर्मी प्राप्त हुने भएकोले किन भने समाजमा अपराधहरु हुन्छन, समाजमा नराम्रा

मान्छेहरु हुन्छन । समाजमा अनुसन्धान गर्नु पर्ने नागरिकहरुलाई सुरक्षा दिनु पर्ने, उत्तरदायित्व सरकारको हुन्छ त्यसका लागि हतियार आवश्यक पर्छ । हतियार चलाउने प्राविधिक समुह संस्था भनेको प्रहरी नै हो आन्तरिक सुरक्षाको लागि त्यसैले यो महत्वपूर्ण विधेयक मध्य महत्वपूर्ण छ । खास गरी संघीय सरकारको नै बढी सुरक्षाको हुने भएकोले यो विधेयकले प्रस्तावनामा नै नागरिक सुरक्षा मात्रै भनेको छ । शान्ति भने छ, अमनचयन भनेको छ, सुव्यवस्था भनेको छ तर सुरक्षा भनेको छैन सभामुख महोदय नागरिक सुरक्षा र मानवअधिकारका कुरा बढी यो विधेयकको मनसाय रहेको छ । हामी आज मनसायमा मात्र छलफल गर्दैं छौ । सैद्धान्तिक हिसाबले मात्रै छलफल गर्दैं छौ त्यसैले हामीले बुझ्नु पर्ने कुरा के हो भने प्रदेशको सम्पूर्ण सुरक्षा अझै पनि प्रदेश सरकारलाई संवैधानिक तहमा यो विधेयकले बोलेको छैन । राष्ट्रिय सम्पतीका कुरा होलान, ठुला ठुला अनुसन्धानका कुरा होलान, सुरक्षाका कुरा होलान त्यो संघीय ऐनले नै हेर्छ तर सामान्य सुरक्षाहरु यसले फोकस केमा गरेको छ भने नागरिक सुरक्षा र मानवअधिकार शान्ति अमन चयन यत्ती अधिकार हामीलाई दिएको छ । त्यसका लागि उपयुक्त जनशक्ति तयार गर्नु पर्ने । संघीय सरकारबाट हामीले प्राप्त गर्ने प्रहरीहरु र लोकसेवा मार्फत तयार हुने प्रहरीहरुको संयुक्त संगठन हामीले प्राप्त गर्ने छौ । यो ऐन बनिसकेपछी यो छिट्टै पारित हुनुपर्छ भन्ने मेरो अनुरोध रहेको छ सभामुख मार्फत किन भने अहिले सम्म सरकार एउटा समिति जस्तो भएको छ प्रदेश सरकार होइन कि प्रदेश समिति किन भने सरकार भनेपछि शक्ति चाहिन्छ । जनशक्ति चाहिन्छ, अनुसन्धान गर्नुपर्ने हुन्छ, तैकिकात गर्नु पर्ने हुन्छ, मान्छेलाई थुनछेक गर्नु पर्ने हुन्छ त्यसैले त्यो शक्तिका सँगसँगै हतियार पनि उठाउनु पर्छ । त्यो परिचालन गर्ने दक्ष जनशक्ति भनेको प्रहरी नै हुन्छ त्यसैले यो ऐन नभए सम्म सरकार समिति जस्तो भा छ किन भने निरिय हुन्छ अगाडी हत्या भैरहेको हुन्छ, बलात्कार भैरहेको हुन्छ किन भने प्रहरी नभएको कारणले यहा आवाज उठेका हुन्छन । अनुसन्धान खोइ प्रदेश सरकार के हेरेर बसेको छ भन्छ तर हाम्रो प्रहरीले प्रदेश सरकारलाई चिन्दैन किन भने कानूनले चिन्ने हो । हामी प्रदेशका मन्त्रीहरुलाई चिन्दैन प्रदेशका माननीयहरु विधायकहरुलाइ प्रदेशमा संघीय प्रहरीले चिन्नु पर्ने आवश्यक छैन तर अब यो ऐनले चिन्नु पर्ने र हाम्रो आफ्नो संगठन हुने छ । हाम्रो आफ्नो संगठनले त्यो काम गर्ने छ । त्यसपछि अपराधहरु घट्ने छन् । अपराधीहरु डराउने छन् । अहिले संघीय सरकारको अनुसन्धान ढीलो हुने त्यहाबाट खटाउनु पर्ने हामीले गृहमन्त्री संघीय सरकारको गृहमन्त्रीलाई अनुरोध गर्नु पर्ने प्रदेशले पनि त्यस्तो निर्णय गरेर मात्रै अनुरोध गर्नु पर्ने यि झन्जेटीलो सुरक्षाको जुन अपधारणा नै खलल पुग्ने खालको जुन अहिले हामी संक्रमण कालमा छौ । हाम्रो संविधान प्राप्त भए पछि संघीय प्रणालीमा  गैसकेपछी प्रदेश सँग प्रहरी नभएका कारणले यो झमेलामा हामी छौ र अब छिट्टै यो हाम्रो पहिलो पुस्ता पनि हो धेरै झमेलाहरु मध्ये सुरक्षाको झमेला पनि अब सरकारले बेहोर्यो अहिले सम्म आफ्नो प्रहरी नभइकन कुनै पनि काम नहुने रहेछ भन्ने अनुभूति भयो तर अब यो छिट्टै यस पछि आउने सरकारहरुलाई सजिलो हुने छ । हाम्रो यो बाँकी डेढ बर्ष, दुइ बर्षमा पनि केही कामहरु अनुसन्धानका शुरु हुने छन् । खास गरी तीन वटा संगठनहरु यसमा रहने छन् भनिएको छ । एउटा जनपथ प्रहरी, एउटा प्राविधिक प्रहरी र एएटा अनुसन्धान व्यूरो यसमा दंगा नियन्त्रण लगायत सशस्त्र हुदैन । यसमा एउटा प्राविधिक टोली हुने छ यो प्रहरीमा एउटा अनुसन्धानको टोली हुने छ र एउटा जनपथ प्रहरी हुने छ तीन वटा मात्रै यो हाम्रो सैद्धान्तिक सहमति रहेको छ यो

ऐनमा १०८ वटा दफाहरु रहेका छन् । एउटा अनुसूची रहेको छ र यसमा प्रदेशमा अझै यो ऐनमा केही सुधार गर्नु पर्ने थप केही व्यवस्था गर्नु पर्ने भए यो समितिमा गैसकेपछि तत तत् समितिमा विज्ञहरुबाट, सम्बन्धित निकायहरुबाट प्रहरी संगठनबाट, सुरक्षाका विज्ञहरुबाट, माननीय विधायक सांसदज्यूहरुबाट र संघीय सरकारहरुबाट पनि यसमा प्रदेशमा स्थानीय तहबाट सुझा लिनु पर्ने हुन्छ सभामुख महोदय यो अलि छलफल गर्नु पर्ने र अलि समय लिने ऐन हो यो त्यसैले यो ऐनलाई अलि समय दिनु पर्छ अलि छलफल गर्नु पर्छ र व्यवस्थित ढंगले यो १०८ वटा दफा भित्र मात्रै नअटाएको केही कुराहरु छ भने त्यसलाई हामीले फेरी पनि समावेश गर्न मन्त्रालय तयार हुनु पर्छ। सरकार तयार हुनु पर्छ धेरै जस्तो ठाउँमा मैले यहा देखे प्रहरीमा छिर्ने बेला निरीक्षक र सहायक निरीक्षकको भन्या छौ हामीले सहायक निरीक्षक आन्तरिक बढुवा गर्दाखेरी यहानिर ४० र ६० को अवधारणा छ यो सैद्धान्तिक कुरामा मैले के भन्न चाहान्छु भने ५०-५० हुनु पर्छ बाह्यबाट पनि ५० जाने र आन्तरिक प्रतिस्पर्धाबाट पनि ५० जाने ३ ठाउबाट बाह्यबाट प्रवेश गराईएको छ यसमा अरु ठाउँमा आन्तरिक बढुवा हुन्छ त्यो तीन वटै ठाउँमा ५०-५० राखियो भने यो अलिकता अरुलाइ सहभागि हुने सुरक्षा मजबुत हुने क्षमतावान व्यक्तित्वको त्यहा उपस्थित हुने योग्य व्यक्तिहरु कुसल व्यक्तिहरुको संगठनमा उपस्थिति हुने देखिन्छ त्यसैले यसलाई खुलाको अलि संख्या बढाउनु पर्दछ र खासगरी पेश गर्न प्राविधिक हिसाबले हाम्रो संविधानले स्वीकार गरेको हुनाले हामीले आरक्षण पनि राखेका छौ । जसमा महिला आरक्षण महत्वपूर्ण छ । दलित आरक्षणको पनि व्यवस्था छ । त्यो हाम्रो संवैधानिक व्यवस्था हो । आदीवासि जनजातिको पनि छ तर त्यो आरक्षणका व्यवस्थाहरुलाई पनि कार्यविधिहरु बनाएर केही महत्वपूर्ण उत्कृष्ट अब त्यो भित्र पनि दलितको कुरा आउदा दलितलाई २१ प्रतिशत दियो भने २१ लाई १०० मानेर त्यसको ५० प्रतिशत अनिवार्य महिला गर्नु पर्ने हुन्छ त्यो भित्र पनि दक्षताको कुरालाई हामीले छोड्नु हुदैन त्यो भित्र पनि योग्यता र क्षमता शारिरीक तन्दुरुस्तताको कुरालाई आरक्षण दिने भनेर शारिरीक कमजोरीपन भएकोलाई त्यहा राख्यौ भने यो त फौजी मान्छेले सैनिक मान्छेले गर्ने काम यदी भएन भने यो आरक्षणका कतिपय आलोचनाका पाटाहरु पनि छन् कतिपय आलोचनाका कुराहर यथार्थमा पनि छन् त्यसैले अब हाइट, वएट पुग्दा खेरी बौद्धिक क्षमता भन्दा सारिरीक क्षमता नपुग्दा खेरी कहिलेकाही अप्ठ्यारो हुने सुरक्षाले हामीले खोजेको परिणाम प्राप्त हुन नसक्ने हुन्छ त्यसैले यो आरक्षणमा पनि हामीधे बुद्धिमतापूर्ण तरिकाले प्रयोग गर्नु पर्ने हुन्छ त्यसलाई हामी प्रयोग नगर्न पनि सक्दैनौ किन भने हाम्रो संवैधानिक बाध्यता हो हामीले स्वीकार गरेको सिद्धान्त हो त्यसैले आरक्षणको कुरामा पनि कार्यविधी र नीति बनाएर उपयुक्त ढंगले प्रहरी संगठन र उत्कृष्ट संगठन सुदूरपश्चिम प्रदेशलाई यहाको जनसंख्यालाई पुग्ने खालको सुरक्षा, यहाको बस्तुस्थिति यहाको भौगोलिक विकटतालाई ध्यानमा राखेर नै संगठन निर्माण गर्नु पर्छ । खास गरी यसमा लोकसेवाको १ जना भन्या छ र प्रहरी संगठनको प्रमुख भन्या छ र त्यस पछि मन्त्रालयको सचिव ३ जनाको जुन हुन्छ त्यो चाहि महत्वपूर्ण हुन्छ यो संगठनको निर्माण गर्दा खेरी यो निर्माण गर्दा खेरी त्यसलाई उपयुक्त ढंगले दिर्घकालीन राम्रो प्रभाव पर्ने खालको संगठन निर्माण गर्नका लागि यसको जग भएकोले यो शुरुको अवस्था भएकोले त्यसमा सरकारले ध्यान पुर्याउने नै छ र विधेयक मा पनि केही कमी कमजोरी छन् भने त्यसलाई समितिमा स्वीकार गरेर यसमा सक्रियता पूर्वक सरकार मन्त्रीज्यू आफै उपस्थित भएर यसलाई अझै

परिमार्जन गर्नु पर्ने भए परिमार्जन गरेर यसलाई उपयुक्त र अरु प्रदेश भन्दा पनि हाम्रो प्रदेशको राम्रो किन भने बढी प्रहरी हुने सुदूरपश्चिमबाटै रहेछन् संघीय सरकारमा पनि त्यसैले धेरै हामी उपयुक्त मान्छे प्राप्त गर्न सक्छौ यसमा यहाबाट धेरै चाहि प्रहरीका अधिकृतहरु छन् । जवानहरु मात्रै होइनन प्रहरीका प्राविधिक व्यक्तित्वहरु पनि छन् त्यसैले यो ऐन सफल सक्षम र सातै प्रदेशमा उत्कृष्ट विधेयक बनोस भन्ने हार्दिक शुभकामना सहित छिटो भन्दा छिटो यो पारित भएर लागु होस भन्ने शुभकामना सहित आफ्ना भनाई टुङ्ग्याउछु हवस त धन्यवाद ।

**माननीय डिल्लीराज पन्त :-** सभामुख महोदय, प्रदेश सरकारले प्रदेश प्रहरी सम्बन्धमा विधेयक पेश गरेको छ म सरकारलाई धन्यवाद दिन चाहान्छु । निसन्ध्य धेरै ढीलो भएता पनि ढीलै आए पनि धन्यवाद छ । समयमा आइदिएको भए यो सरकार गठन भएको प्रदेश नै गठन भएको साढे ३ बर्ष सम्म यो प्रदेशमा भएका विभिन्न अपराधिक घटनाहरुको उचित छानविन भएन दोषिहरुको पत्ता लागेन, कारवाही भएन भन्ने दोष यो सरकारलाई लागेको थियो । यो विधेयक समयमा आएको भए त्यो साहेद लाग्दैनथ्यो । हामीले यस सम्बन्धमा प्रहरी संगठनका सम्बन्धमा केन्द्रको संघको मुख हेरेर उसको काम कारवाहीलाई पर्खिनु पर्ने हुन्थ्यो तर यो विधेयक आएपछि हामी आफ्नो खुट्टामा उभिने छ यो प्रदेश भन्ने हामीलाई लागेको छ । प्रहरी भन्ने वित्तीकै हामीले सरकारको मेरुदण्ड यसलाई मान्नु पर्ने हुन्छ । सबै भन्दा पहिला सरकारले जनताको जीउ धनको सुरक्षा गर्नु पर्ने हुन्छ त्यो भनेको प्रहरीले नै गर्ने हो त्यही कानून हामीसँग भएन भने सरकारले जनताको जीउधनको सुरक्षा गर्न सकेन भनेपछि सरकार असफल घोषित हुन्छ यसको सँगसँगै प्रहरी जनताको नागरिकको एउटा ढाल पनि हो । सुरक्षा कवज पनि हो यसले सुरक्षा कवजको पनि काम गर्दछ । नागरिकले स्वछन्दपूर्वक घुम्न पाउने, बस्न पाउँने, शान्तिपूर्वक रहन पाउने उसलाई त्यो अनुभूति दिने प्रहरी नै हो । प्रहरी रात दिन जाग्छ अनि पछि पो नागरिक शान्तिले सुत्न पाउँछ, शान्तिले काम गर्न पाउँछ त्यस कारण प्रहरीलाई नागरिकको सुरक्षा कवज भन्ने गरिन्छ र प्रहरी नागरिकको विचमा अन्यनासित सम्बन्ध पनि छ यो प्रहरी भन्ने कुरा प्रहरी संगठन भन्ने कुरा नागरिककै लागि चाहिने हो । खटाउनको लागि सरकारलाई तर काम गर्नको लागि नागरिकलाई चाहिने हुनाले नागरिक सँग प्रहरीको अन्यनासित सम्बन्ध हुन्छ । त्यसैले यो सम्बन्धका बारेमा एकजना कुनै विद्धानले भनेका थिए प्रहरी भन्ने वित्तीकै कुनै समाजबाट छुट्टै संगठन होइन कुनै छुट्टै समुदाय होइन त्यो पनि एउटा नागरिक हो । एउटा भन्ने गर्या छ प्रहरी भनेको बर्दि लगाएको नागरिक हो र नागरिक भनेका बर्दी नलगाएका प्रहरी हुन यि एक अर्काका पुरक हुन यो एक अर्काका पुरक भएको हुनाले प्रहरीले काम गर्दा खेरी नागरिकको सहयोग भएन भनेपछि प्रहरीले केही पनि गर्न सक्दैन र नागरिकले प्रहरी नभइकन नागरिक स्वंय बाच्न सक्दैन एक अर्काका पुरक हुन यिनिहरु त्यस कारण जो अहिले यो विधेयक आएको छ धेरै पहिला आउनु पर्ने मैले अघि पनि भनेको हु । यतिका बर्ष हाम्रो यो सरकार बनेको भएको छ यहा धेरै अपराधिक घटनाहरु भए निर्मला पन्त देखि लगाएर कैयौ दर्जनौ घटनाहरु भैसके यो सरकारलाई एउटा अवगाल आएको छ किन गरेन किन गरेन भन्ने कुरा यो एउटा विधेयक नआएको हुनाले यो सरकारले यो सुन्नु परेको थियो अब यो विधेयक आएको छ म सरकारलाई धन्यवाद दिन चाहान्छु र अहिले सम्म यो विधेयक नभएर यो सरकार जो आफुलाई एउटा अपाहि जस्तो अनुभव गरिराख्या थियो अब त्योबाट यो सरकार मुक्त हुने छ अब यहा सुदूरपश्चिम प्रदेशले

आफ्नो एउटा प्रहरी संगठन पाउँने छ तर संगठन पनि कस्तो पाउँने छ भने सात सात वटा प्रदेशमा सबभन्दा उत्कृष्ट प्रहरीको रुपमा यो संगठनले आफुलाई कायम गरोस र एउटा नमुनाको रुपमा स्थापित गरोस भन्ने खालको यो विधेयक निर्माण गर्नु पर्दछ भन्नका साथ साथै अब यसलाई हामीले समितिमा पठाउनु पर्ने हुन्छ । समितिमा विज्ञहरु त राख्नु नै पर्छ र सम्बन्धित क्षेत्रका व्यक्तिहरुलाई पनि प्रहरी संगठनका व्यक्तिहरुलाई पनि यसमा समावेश गराएर उहाहरुलाई यो विधेयक दिएर उहाहरुबाट यसमा सुझाव लिएर समितिले एउटा परिपूर्ण विधेयकको रुपमा यो सदनमा ल्याउने छ यो सदनले यसलाई अनुमोदन गर्ने छ भन्ने लाग्छ र चाडो भन्दा चाडो यो सम्बन्धित समितिमा जावस र पूर्णता पावस भन्ने म अनुरोध गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकार गठन भैसकेको करिब साढे तीन बर्ष नाघि सक्यो भर्खरै मात्रै अस्थि मात्रै माननीय मन्त्रीज्यूले यो सदनमा चाहि प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक टेबुल गर्नु भयो र आज हामी सामान्य छलफलमा छौ । बास्तवमा हाम्रो देश नेपाल यस्तो देश हो र हाम्रो सुदूरपश्चिम प्रदेश अझै यस कारणले हाम्रो देशमा हाम्रो प्रदेशमा समाजमा चाहे त्यो गुण्डागर्दी होस चाहे त्यो जुवातास होस, चाहे त्यो हिंसा हत्या होस हुने वित्तीकै हामी प्रहरी खोज्छौ हामी प्रहरीलाई गुहार गर्छौ त्यस कारणले यो प्रदेश प्रहरी हाम्रो प्रदेशमा अब हामी लामो समय वितिसक्यो करिव करिव यो सरकार हाम्रो प्रदेश सभाको अन्तिम अन्तिम अवस्थामा छौ । यो प्रदेशले बल्ल आफ्नो प्रहरी पाउँदै छ । यो विधेयक चाहि ज्यादै महत्वपूर्ण विधेयक हो यस भन्दा पहिले पूर्ववक्ता माननीयज्यूहरुले धेरै कुरा यहा राखिसक्नु भएको छ । किन की प्रहरी विनाको समुदाय, प्रहरी विनाको समाज, प्रहरी विनाको प्रदेश चल्दैन प्रहरीले नै त्यो सबै कुरालाई निगरानी गर्न सक्छ र अब प्रदेशले प्रहरी पाईसकेपछी प्रहरी भर्ना देखि लिएर प्रहरीको पदपूर्ति देखि लिएर सरुवा बढुवा सबै हाम्रो प्रदेश प्रहरीले गर्ने छ सभामुख महोदय, खास गरेर मलाई अलिकति पोरसाल यही भदौ महिनामा आएको बाढीले त्यहासम्म फेरी भर्खरै त्यहा सम्म लगेको महसुस गरे माननीय मन्त्रीज्यू यहा सामान्य छलफलको लागि जुन समय दिनु भयो अहिले बर्तमान बहालवाला माननीय मन्त्रीज्यू हुनुहुन्छ उहा त्यतिबेला अर्थ विकास तथा प्राकृतिक स्रोत समितको एउटा सदस्य हुनुहुन्थ्यो र यो पोर सालको बाढीको बेलामा चाहि हाम्रो निर्वाचन क्षेत्रमा तल्लो भेग सोनाफाटा जहा प्रहरी चौकी छ त्यहा पुग्नु भएको थियो र सरकारको बाक्लै उपस्थिति भयो सभामुख महोदय माननीय मुख्यमन्त्री लगायत त्यतिबेलाका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह हुनुहुन्थ्यो उहा आफै र अरु मन्त्रीहरु पनि जानु भयो साथ साथै संसदीय समिति पनि गयो त्यहा एउटा प्रहरी चौकी रहेछ भजनी ८ सुनाफाटामा त्यो भाडामा बसेको छ र सब भन्दा बाढीको ठुलो क्षति पुग्ने ठाउँ पनि त्यही हो बाढी आइसकेपछी प्रहरी आफै असुरक्षित हुन्छ प्रहरीले भाडामा बसेको घर छ त्यो डुबानमा पर्छ प्रहरीहरु चाहि अलपत्र पर्छन त्यस कारणले यो सम्बन्धित विषय भएको कारणले मलाई त्यहा सम्म बोल्न बाध्य बनायो । मैले यसपालिको आर्थिक बर्ष ०७८/०७९ को लागि मैले माननीय मन्त्रीज्यूलाई पनि भनेको थिए सकिन्छ भने त्यो प्रहरी चौकीको भवन चाहि बनाइदिनु होला बडा गारो छ भाडामा बस्छन त्यो भवन जिर्ण छ बडा समस्या छ डुवान क्षेत्र पनि हो माननीय मन्त्रीज्यूले आसवासन दिनु भएको थियो सम्भव भए त्यो हामी गर्छौ त्यति मात्रै आसवासन दिनु भएन माननीय मन्त्रीज्यूले भन्नु भयो म खुद पोरसाल गएर त्यो

ठाउँका जनताहरुको बिचल्ली देखे दुख समस्या देखे सम्भव भए सम्म हाम्रो मन्त्रालयले प्रहरी चौकीको भवन त बनाउछ साथ साथै होल्डिङ सेन्टर पनि बनाउछ भन्नु भएको थियो तर यसपालिको बजेटले त्यो कुरालाई सम्बोधन गर्न सकेन छुन सकेन त्यस कारणले यो सम्बन्धित विषय उठेको कारणले मैले मन्त्रीज्यूको ध्यान यसो त्यतातिर फेरी जावस र हुन सक्छ भने यदी सकिन्छ भने त्यतातिर चाहि प्रहरी चौकी भवनका लागि विचार गरिदिनुहोला भन्ने मैले माननीय मन्त्रीज्यूलाई अनुरोध गरे हाम्रो प्रदेशमा शान्ति सु व्यवस्था अमनचयन देखि लिएर खास गरेर नागरिकलाई सुरक्षा गर्ने कुरा देखि लिएर मानव अधिकारका कुराहरु देखि लिएर यि सबै क्षेत्रमा चाहि प्रहरी वनाको हुदैन हामी एउट साधारण मानिसले यो कुरालाई रोकथाम गर्न सक्दैनौ हामी त्यहा प्रश्न उठायौ भने एउटा सामान्य नागरिक हो भनेर चाहि कुट्न पनि सक्छ त्यस कारणले यो प्रहरी चाही विधेयक यति महत्वपूर्ण विधेयक हो यो राज्य प्रहरी विना चल्दैन अघि माननीय सदस्य एकजना बोल्दै हुनुहुन्थ्यो राज्य संचालनको लागि शक्ति चाहिन्छ शक्ति सँग सँगै हतियार पनि चाहिन्छ बास्तवमा प्रहरीसँग मात्रै हतियार हुन्छ आम नागरिक सँग हुदैन त्यस कारणले यो विधेयकलाई हामीले चाडो भन्दा चाडो सम्बन्धित समितमा हामीले जाने नै छ त्यहा गहन छलफल गरेर परिमार्जित गरेर यो हाम्रो प्रदेशको भूगोललाई जनसंख्याको जनघनत्वलाई लिएर हाम्रो यहाको परिवेशलाई मध्यनजर गरेरेर परिमार्जित गरेर चाहि यो हाम्रो प्रदेशलाई मिल्ने खालको संगठन निर्माण होस भन्ने शुभकामना दिदै यो चाडो भन्दा चाडो चाहि यो एउटा ऐनको रुप लिन सकोस र हाम्रो प्रदेश एउटा शान्ति सुशासनमा चाहि महत्वपूर्ण एउटा अगाडी फड्को लिन सकोस भन्ने शुभकामना दिदै आफ्नो भनाई यही राखु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ सैद्धान्तिक छलफलको निमित्त प्रदेश सभामा टेबुल भयो । सैद्धान्तिक छलफलमा माननीय सदस्यज्यूहरुले अत्यन्त महत्वपूर्ण सुझावहरु प्रस्तुत गर्नु भएको छ । सर्वप्रथम यो विधेयकको सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीय सदस्यहरुलाई म हार्दिक आभार व्यक्त गर्न चाहान्छु । प्रदेशको शान्ति सुव्यवस्था कायम गरी नागरिक सुरक्षा, मानव अधिकारको संरक्षण, अपराध अनुसन्धान, तैकिकात, रोकथाम तथा नियन्त्रण गर्नको लागि र यो कामलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि र जन अपेक्षा अनुरुप प्रदेश प्रहरीलाई संचालन गर्नको लागि संघीय लोकतान्त्रिक गणतन्त्र र कानूनी शासन र मानवअधिकार प्रतिको प्रतिवद्धता रहने गरीकन उच्च नैतिक चरित्र स्वच्छ र आचरण युक्त कानूनको पालना गर्ने र गराउने सवालमा निश्पक्ष व्यवसायिक र दक्ष प्रहरी प्रशासनको आवश्यकता थियो हामी प्रदेश सरकार गठन भैसकेपछी गएका तीन बर्ष प्रदेश सरकारले संघीय प्रहरीसँग समन्वय गरेर यो प्रदेशमा हुने अपराधका

अनुसन्धान गर्ने, अपराधलाई नियन्त्रण गर्ने, सीमाको सुरक्षा गर्ने सबै खालका सुरक्षा प्रवन्धहरुलाई हामीले संघीय सरकारसँग अनुनय गरेर हामीले चाहि यो प्रदेशलाई संचालन गर्दै अगाडी बढ्यौ । प्रदेश सरकार हो प्रदेश संघको इकाइ होइन त्यसैले गर्दा खेरी सरकारसँग जनताका अपेक्षा अनुसारका शान्ति सुरक्षा बाहाली गर्नको निमित्त सुरक्षा चाहिन्छ अथवा प्रहरी चाहिन्छ । सेना संघ सरकार अन्तरगत छ । सुरक्षाको हिसाबले प्रदेशको शान्ति सुव्यवस्था गर्ने कामहरु र यहाको सबै प्रकारको अपराध अनुसन्धान गर्ने कामहरु प्रदेश प्रहरीको हो तसर्थ अहिले हामीले समन्वयमा काम गरिरहेका छौ । प्रहरी समायोजन भैसकेको अवस्था छैन । तथापी प्रदेश सरकार तीन बर्ष गठन भए पश्चात पनि प्रदेशको आफ्नै प्रहरी नरहनु विडम्बनाको कुरा हो तसर्थ हामीले चाहि प्रदेश प्रहरीको व्यवस्था गर्न बनेको विधेयक हामीले सदन समक्ष टेबुल गरेका छौ । आशा गरौ यो विधेयक चाडै समितिमा जाने छ समितिमा यसका विस्तृत पक्षहरुमा छलफल हुने छ । हामीले विशेष गरिकन यो प्रदेश प्रहरीलाई करिब हामीले चाहि १०८ वटा दफा १३ वटा परिच्छेद र एउटा अनुसूचीमा विभाजित गरेर यसलाई व्यवस्थापन गरेका छौ जस अन्तरगत प्रदेश प्रहरीको गठन, संचालन, प्रदेश प्रहरीको पदपूर्ति, प्रदेश प्रहरीको तालिमको व्यवस्था, बढुवा सम्बन्धी व्यवस्था, सरुवा र काज, प्रदेश प्रहरीको काम कर्तव्य र अधिकार, प्रदेश प्रहरीको तलब भत्ता, रासन तथा अन्य सुविधा, प्रदेश प्रहरी कर्मचारीको अवकास, उपदान, निवृत्तीभरण तथा राजिनामा, प्रदेश प्रहरीको आचरण, विभागिय सजाय तथा पुनरावेदन, प्रदेश सुरक्षा समिति सम्बन्धि व्यवस्था र विविध भनेर यसरी चाहि १३ वटा अनुच्छेदमा यसलाई व्यवस्थित गरेका छौ मलाई लाग्छ यो प्रदेश प्रहरी ड्राफ्ट भैसके पछाडि धेरै रुपमा पूर्व छलफलहरु विधेयक बन्नु पूर्व कतिपय ठाउँहरुमा छलफल भएको छ । छलफल भएका विषयहरु यो विधेयकले समेट्न सकेको छ र समेट्न नसकेको अवस्था पनि छ मैले माननीय सदस्यज्यूहरुलाई अनुरोध गर्न चाहान्छु यो सभालाई माननीय सभामुखज्यू मार्फत जानकारी गराउन चाहान्छु । उपयुक्त परिच्छेद र दफाहरुले समेट्न नसकेका र अपरिहार्य विषयहरु यो सेवा सँग सम्बन्धित विज्ञहरु, सरोकारवालाहरु, माननीय सदस्यज्यूहरु लगायत विधायन तथा प्रदेश मामिला समितिले निष्कर्ष निकाल्यो अथवा यि सुझावहरु आवश्यक छन् भने प्रदेशलाई अतिरिक्त व्ययभार नपर्ने गरिकन हामीले यो विधेयकलाई पर्याप्त मात्रामा संशोधन गर्न सक्ने छौ । मेरो उपस्थिति नियमित रुपमा आवश्यकता परेका खण्डमा विधायन तथा प्रदेश मामिला समितिमा रहने छ । समग्र रुपमा प्रदेश प्रहरीलाई मर्यादित, जनउत्तरदायि, लोकतान्त्रिक, व्यवसायिक बनाउने सवालमा हाम्रो मन्त्रालय आन्तरिक मामिला तथा कानून मन्त्रालय र समग्र रुपमा प्रदेश सरकार खुला र सकारात्मक रहने छ भन्ने कुराहरु विश्वास दिलाउदै आफ्नो भनाईहरु यही राख्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद

**माननीय सदस्यहरु,**

अब म ,आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक "**लाई दफावार छलफलको लागि विधायन तथा प्रदेश मामिला समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक "**माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको घोषणा गर्दछु ।